# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं जेठ १८ गते, २०६८ साल (अतिरिक्ताङ्क ६


## भाग २

नेपाल सरकार

**कानून तथा न्याय मन्त्रालय**

नेपालको अन्तरिम सम्विधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०६८ सालको ऐन नं. ३**

**सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना :** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) ऐन, २०६८" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ मा संशोधन** : सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) "पेशागत व्यवसायी" भन्नाले नोटरी पब्लिक, लेखापरीक्षक, दामासाही व्यवसायी, लेखापढी व्यवसायी र यस्तै प्रकृतिका अन्य व्यवसायी सम्झनु पर्छ।"

(२) खण्ड (ठ) मा रहेका "सम्झनु पर्छ" भन्ने शब्दहरूको सट्टा "सम्झनु पर्छ र सो शब्दले वित्तीय जानकारी इकाईले समय समयमा शङ्कास्पद कारोबार भनी तोकेको त्यस्तै अन्य कारोबारलाई समेत जनाउँछ" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ :-

"(ड) "सम्पत्ति" भन्नाले भौतिक, अभौतिक, चल, अचल, मूर्त, अमूर्त सम्पत्ति वा कुनै मूल्य भएको वस्तु वा उपकरण सम्झनु पर्छ र सो शब्दले सोउपर हक, हित, दाबी वा अधिकार स्थापित गर्ने कुनै कागजात,



५२० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निस्सा, प्रमाणपूर्जा वा अन्य कुनै उपकरणलाई समेत जनाउँछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. सम्पत्ति शुद्धीकरण गरेको मानिने : यस ऐनको प्रयोजनका लागि कसैले देहायको कुनै वा सबै कार्य वा कसूर गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त, धारण, भोगचलन गरे वा गराएको सम्पत्ति वा त्यस्तो सम्पत्ति कुनै प्रकारबाट लगानी गरी बढे वा बढाएको सम्पत्ति सम्बन्धित व्यक्ति वा अन्य कसैले प्राप्त, धारण, भोगचलन, प्रयोग, उपभोग, उपयोग वा आर्जन गरे वा गराएमा वा देखाएमा वा अन्य कुनै पनि तरिकाले कारोबार वा व्यवहार गरे वा गराएमा वा त्यस्तो सम्पत्तिको स्रोत, प्रकृति, स्थान, स्वामित्व, अधिकार, कारोबार (डिस्पोजल) लुकाउने, परिवर्तन गर्ने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण, परिवर्तन वा हस्तान्तरण गरे वा गराएमा वा त्यसरी प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई त्यस्तो सम्पत्ति प्राप्त, खरिद, धारण, भोगचलन, प्रयोग, उपभोग वा उपयोग गरे वा गराएमा वा अन्य कुनै पनि तरिकाले कारोबार वा व्यवहार गरे वा गराएमा वा सम्पत्ति रुपान्तरण, परिवर्तन वा हस्तान्तरण गर्न वा गराउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि सहयोग गरे वा गराएमा निजले सम्पत्ति शुद्धीकरण गरेको मानिनेछ :-

(क) राजश्व छली,

(ख) सङ्गठित रूपमा अपराध गरी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आतङ्ककारी क्रियाकलापमा लगानी गरी,

(घ) हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ङ) विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(च) ज्यान, चोरी, ठगी, किर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(छ) लागू औषध नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ज) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(झ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ञ) सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ट) वन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ठ) भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ड) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(ढ) बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,



922 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) प्राचीन स्मारक संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी,

(त) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कानून वा नेपाल पक्ष भएको कुनै सन्धि अन्तर्गतको कसूर गरी ।"

४. मूल ऐनमा दफा ४क. र ४ख. थप : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन् :-

"४क. आतङ्ककारी क्रियाकलापमा लगानी गर्न नहुने : कसैले आतङ्ककारी क्रियाकलापमा लगानी गर्न वा गराउन हुँदैन ।

४ख. आतङ्ककारी क्रियाकलापमा लगानी गरेको मानिने : कसैले देहायको कुनै महासन्धि अन्तर्गत कुनै कसूर मानिने कार्य गर्ने वा कुनै व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गर्ने उद्देश्यले वा त्यस्तो कसूरमा वा कसूर गर्ने कार्यमा खर्च हुन्छ भन्ने थाहा पाई वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै तरिकाले कुनै सम्पत्ति सङ्कलन गरेमा वा कसैलाई प्रदान गरेमा निजले आतङ्ककारी क्रियाकलापमा लगानी गरेको मानिनेछ :-

(क) सन् १९६३ मा सम्पन्न वायुयानभित्र भएका कसूर तथा अन्य केही कार्य सम्बन्धी टोकियो महासन्धि (टोकियो कन्भेन्सन अन अफेन्सेज एण्ड सर्टेन अदर एक्ट्स कमिटेड अन बोर्ड एयरक्राफ्ट),

(ख) सन् १९७० मा हेगमा सम्पन्न भएको वायुयानको गैरकानूनी कब्जाको दमन सम्बन्धी महासन्धि (कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल सिजर अफ एयरक्राफ्ट),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(ग) सन् १९७१ मा मण्ट्रियलमा सम्पन्न भएको गैरसैनिक हवाई उडानको सुरक्षाको विरूद्ध गरिने गैरकानूनी कारबाहीको दमन सम्बन्धी महासन्धि (कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल एक्ट्स एगेन्स्ट् द सेफ्टी अफ सिभिल एभिएशन),

(घ) सन् १९७३ मा सम्पन्न भएको कूटनैतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्तिहरू विरूद्धको अपराध निवारण तथा सजाय सम्बन्धी महासन्धि (कन्भेन्सन अन द प्रिभेन्सन एण्ड पनिस्मेन्ट अफ क्राइम एगेन्स्ट् इण्टर नेशनल्ली प्रोटेक्टेड पर्सन्स इन्क्लूडिङ्ग डिप्लोम्याटिक एजेण्ट्स),

(ङ) सन् १९७९ मा सम्पन्न शरीर बन्धक लिने विरूद्धको महासन्धि (इन्टरनेशनल कन्भेन्सन एगेन्स्ट द टेकिङ्ग अफ होस्टेजेज),

(च) सन् १९८७ मा सम्पन्न आतङ्कवादको दमन सम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन सप्रेशन अफ टेरोरिज्म),

(छ) यो दफा प्रारम्भ भएपछि आतङ्कवादी काम कारबाहीको विरुद्धमा नेपाल पक्ष भएको अन्य कुनै महासन्धि ।"



१२४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल ऐनमा दफा ५क. थप** : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :-

"५क. **विदेशमा गरेको कार्य वा कसूरमा सजाय हुने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३, ४, ४क. वा ४ख. मा उल्लिखित कुनै कार्य वा कसूर कुनै विदेशी मुलुकमा भएको अवस्थामा त्यस्तो कार्य वा कसूर सो मुलुकको कानून बमोजिम पनि कसूर मानिने रहेछ र त्यस्तो कार्य वा कसूरमा सो मुलुकको कानून बमोजिम सजाय भएको रहेनछ भने त्यस्तो कार्य वा कसूर नेपालमा भए सरह मानिनेछ र यस ऐन बमोजिम सजाय गर्न सकिनेछ ।"

६ **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ग) मा रहेको "सात" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ ।

७. **मूल ऐनमा दफा ७क. थप** : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :-

"७क. **पेशागत व्यवसायीको दायित्व** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि पेशागत व्यवसायीले आफ्नो पेशागत कामको सिलसिलामा कुनै शङ्कास्पद कारोबार भएको थाहा पाएमा निजले सोको जानकारी वित्तीय जानकारी इकाईलाई तुरून्त दिनु पर्नेछ ।"

८. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) मा रहेका "सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरूको सट्टा "कसूर" भन्ने शब्द राखी सोही उपदफाको खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(घ१) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ२) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य"

(२) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य"

९. **मूल ऐनमा दफा ८क. थप** : मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. **समन्वय समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कसूर निवारण गर्ने सम्बन्धमा अपनाउनु पर्ने नीति तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) कसूर निवारण गर्ने सम्बन्धमा नेपाल सरकार ले गरेको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाले कसूर निवारण गर्ने सम्बन्धमा तयार गरेको मापदण्ड वा नीति आवश्यकता अनुसार कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) कसूर निवारण गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने र सो निर्देशन बमोजिमको कार्य भए नभएको अनुगमन गर्ने,



९२६६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वित्तीय जानकारी इकाईले तयार गरेको वार्षिक प्रतिवेदन कार्यान्वयन गर्ने वा गराउने,

(च) कसूर निवारण गर्ने सम्बन्धमा सम्बन्धित विषयमा नेपाल सरकारले तोकिदिएको अन्य कार्य गर्ने वा गराउने ।"

१०. **मूल ऐनको दफा ९ मा संशोधन :** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरूको सट्टा "कसूर" भन्ने शब्द राखिएको छ ।

११. **मूल ऐनको दफा १० मा संशोधन :** मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेका "कागजातबाट सम्पत्ति शुद्धीकरणको विषयका सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कागजातका सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) "खण्ड (घ) मा रहेका "सम्पत्ति शुद्धीकरण सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कसूरका सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) वित्तीय जानकारी इकाईले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै सरकारी निकाय, नियमनकारी निकाय वा कुनै संस्था वा कानून बमोजिम कुनै विषयमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारप्राप्त निकाय वा अधिकारीसँग रहेको कुनै सूचना, विवरण वा कागजात उपलब्ध गराउन त्यस्तो निकाय, संस्था वा अधिकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

समक्ष अनुरोध गर्न सक्नेछ र त्यस्तो निकाय वा अधिकारीले पनि आफ्नो कार्य सम्पादनको सिलसिलामा सो इकाईमा रहेको सूचना, विवरण वा कागजात माग गर्न सक्नेछ ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) बमोजिम अनुरोध भएकोमा त्यस्तो सूचना, विवरण वा कागजात उपलब्ध गराउनु त्यस्तो निकाय, संस्था, अधिकारी वा वित्तीय जानकारी इकाईको कर्तव्य हुनेछ ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) वित्तीय जानकारी इकाईले सरकारी निकाय, बैङ्क, वित्तीय संस्था, गैरवित्तीय संस्था वा पेशागत व्यवसायीलाई ग्राहक वा सेवाग्राहीसँग सम्बन्ध स्थापना गर्दा, कारोबार गर्दा, शङ्कास्पद कारोबार पहिचान गर्दा, जोखिम व्यवस्थापन गर्दा, आतङ्ककारी कार्यमा हुने लगानी नियन्त्रण गर्दा, उच्चपदस्थ व्यक्तिसँगको कारोबार व्यवस्थापन गर्दा वा त्यस्तो काम कारवाहीको अनुगमन गर्दा अवलम्बन गर्नु पर्ने उपायहरू र उपदफा (१) को खण्ड (क) बमोजिमको विवरण अभिलेख तथा जानकारी उपलब्ध गराउने तरिका, ढाँचा, अवधि तथा सो सम्बन्धी अन्य कार्यविधिका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था, गैरवित्तीय संस्था र पेशागत व्यवसायीको कर्तव्य हुनेछ ।"

१२. **मूल ऐनको दफा ११ मा संशोधन** : मूल ऐनको दफा ११ को उपदफा



९२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मा रहेका "निजामती सेवाको" भन्ने शब्दहरू पछि "कम्तीमा" भन्ने शब्द थपिएको छ ।

१३. **मूल ऐनको दफा १२ मा संशोधन** : मूल ऐनको दफा १२ को उपदफा (१) को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) नेपाल पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा अन्य यस्तै व्यवस्था अनुरूप पारस्परिकताको आधारमा कुनै मुलुक वा अन्तर्राष्ट्रिय सङ्गठनबाट अनुरोध भई आएमा वा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा आवश्यक परेमा यस ऐन अन्तर्गतको कसूर गर्ने कुनै व्यक्तिको हक, भोग वा नियन्त्रणमा नेपालभित्र रहेको कुनै सम्पत्ति वा सो सम्पत्तिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निजले प्राप्त गरेको लाभ वा निजले कसूर गर्न प्रयोग गरेको उपकरण वा अन्य कुनै वस्तु वा त्यस्तो सम्पत्ति वा उपकरण अन्य कुनै व्यक्तिसँग रहेको भए सो समेत रोक्का गर्ने, आफ्नो नियन्त्रणमा लिने वा रोक्का राख्न, नियन्त्रणमा लिन सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिने वा नेपालभित्र भएको कसूरको सम्बन्धमा आवश्यक भए त्यस्तो सम्पत्ति, उपकरण वा वस्तु रोक्का राख्न वा नियन्त्रणमा लिन कुनै मुलुक वा अन्तर्राष्ट्रिय सङ्गठनलाई कूटनैतिक माध्यम मार्फत अनुरोध गर्ने ।"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

१२९

"(च) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्न तोकिए बमोजिमको उपाय वा तरिका अवलम्बन गर्ने वा गराउने र सम्पत्तिको पहिचान तथा मूल्याङ्कनको लागि तोकिएको मापदण्ड अपनाउने ।"

१४. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ को उपदफा (३) झिकिएको छ ।

१५. **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ मा रहेका "दफा ३ बमोजिमको" भन्ने शब्दहरूको सट्टा "दफा ३ वा ४क. बमोजिमको" भन्ने शब्दहरू, "दफा ४ मा" भन्ने शब्दहरुको सट्टा "दफा ४ वा ४ख. मा" भन्ने शब्दहरु र "दफा ३ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा ३ वा ४क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

१६. **मूल ऐनको दफा ३० मा संशोधन** : मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छ :-

"३०. **सजाय हुने** : (१) आतङ्ककारी क्रियाकलापमा लगानी गर्नेलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेकोमा पाँच लाख रूपैयाँसम्म जरिबाना हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेक परिच्छेद-२ अन्तर्गतको अन्य कसूर गर्नेलाई विगो बमोजिमको जरिबाना र एक वर्षदेखि चार वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(३) कुनै बैङ्क, वित्तीय संस्था वा गैरवित्तीय संस्थाले गरेको कसूरको सम्बन्धमा उपदफा (१) वा (२) बमोजिम सजाय गर्दा त्यस्तो बैङ्क, वित्तीय संस्था वा गैरवित्तीय संस्थाको



१३० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान हुन सकेमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसूर हुँदाको बखत सो बैङ्क, वित्तीय संस्था वा गैरवित्तीय संस्थाको प्रमुख भई कामकाज गर्ने व्यक्तिलाई सजाय हुनेछ ।

(४) कुनै राष्ट्रसेवक वा बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको पदाधिकारी, प्रमुख वा कर्मचारीले कसूर गरेको रहेछ भने उपदफा (१) वा (२) मा लेखिएको सजायमा थप दश प्रतिशत सजाय हुनेछ ।

(५) यस ऐन अन्तर्गतको कसूर गर्न उद्योग गर्ने वा गर्न मद्दत गर्ने वा दुरूत्साहन दिनेलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(६) कसैले कुनै फर्म, कम्पनी वा संस्थालाई प्रयोग गरी यस ऐन बमोजिमको कसूर गरे वा गराएमा त्यस्तो फर्म, कम्पनी वा संस्थालाई समेत यस दफा बमोजिमको जरिबाना हुनेछ ।

(७) उपदफा (१) देखि (६) सम्म लेखिए बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशनको उल्लंघन गरेमा विगो खुलेकोमा विगो जफत गरी विगो बमोजिमको जरिबाना र विगो नखुलेकोमा पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।"

१७. **मूल ऐनको दफा ३१ मा संशोधन** : मूल ऐनको दफा ३१ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) वित्तीय जानकारी इकाईले देहाय बमोजिमको काम नगर्नेलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यस ऐन बमोजिम कागजात वा अभिलेख नराख्ने बैङ्क, वित्तीय संस्था वा गैरवित्तीय संस्थालाई एक लाख रूपैयाँदेखि तीन लाख रुपैयाँसम्म,

(ख) दफा ७ र दफा १० को उपदफा (१) को खण्ड (क) बमोजिमको विवरण वा जानकारी उपलब्ध नगराउने बैङ्क, वित्तीय संस्था वा गैरवित्तीय संस्थालाई त्यसरी विवरण वा जानकारी उपलब्ध नगराए पटकैपिच्छे पाँच लाख रूपैयाँ,

(ग) दफा ७क. बमोजिमको जानकारी नदिने पेशागत व्यवसायीलाई एक लाख रूपैयाँदेखि तीन लाख रुपैयाँसम्म ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको सजाय वित्तीय जानकारी इकाईले गर्नेछ र सो सजायमा चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) बमोजिम गरिएको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन् ।

१८. **मूल ऐनको दफा ३४ मा संशोधन** : मूल ऐनको दफा ३४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस ऐन अन्तर्गतको कसूरमा प्रयोग भएको सम्पत्ति, उपकरण वा वस्तु जुनसुकै व्यक्ति वा संस्थासँग रहेको भए पनि त्यस्तो उपकरण वा वस्तु जफत हुनेछ ।

तर त्यस्तो सम्पत्ति, उपकरण वा वस्तुको धनीको सहमति वा जानकारी विना प्रयोग वा खरिद बिक्री भएको प्रमाणित भएमा



922

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस उपरको दायित्व कसूर गर्ने व्यक्तिले तिर्ने वा बुझाउने गरी त्यस्तो सम्पत्ति, उपकरण वा वस्तु सोको धनीलाई फिर्ता दिनु पर्नेछ।"

१९. **मूल ऐनमा दफा ४४क., ४४ख., ४४ग., ४४घ. र ४४ङ. थप :** मूल ऐनको दफा ४४ पछि देहायका दफा ४४क., ४४ख., ४४ग., ४४घ. र ४४ङ. थपिएका छन् :-

"४४क. **सूचना वा विवरण दिन वा प्रकट गर्न नहुने :** (१) वित्तीय जानकारी इकाई, सरकारी निकाय, बैङ्क, वित्तीय संस्था, गैरवित्तीय संस्था वा त्यस्तो इकाई, निकाय, बैङ्क, संस्थाको पदाधिकारी वा कर्मचारीले वा पेशागत व्यवसायीले यस ऐन बमोजिम प्राप्त गरेको वा प्रदान गरेको सूचना वा विवरण यस ऐन वा प्रचलित कानून बमोजिम त्यस्तो सूचना वा विवरण प्राप्त गर्न अधिकार प्राप्त निकाय, संस्था वा अधिकारीलाई बाहेक अन्य कसैलाई पनि कुनै पनि अवस्थामा दिन वा कुनै पनि प्रकारले प्रकट गर्न हुँदैन।

(२) उपदफा (१) विपरित काम गर्ने व्यक्ति, सरकारी निकाय, बैङ्क, वित्तीय संस्था, गैरवित्तीय संस्था वा पेशागत व्यवसायीलाई दश हजार रूपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो काम त्यस्तो निकाय वा संस्थाको पदाधिकारीले गरेको भए थप पाँच हजार रूपैयाँ जरिबाना र कर्मचारीले गरेको भए विभागीय कारबाही समेत हुनेछ।

४४ख. **नियमनकारी निकायको दायित्व :** (१) यस ऐनको प्रयोजनको लागि कानून बमोजिम कुनै व्यवसाय वा पेशा नियमन गर्ने निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्ने वा गराउने,

(ख) त्यस्तो व्यवसाय वा पेशा गर्ने वा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्न लगाउने,

(ग) त्यस्तो व्यवसाय दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा व्यवसाय गर्ने वा सञ्चालन गर्ने व्यक्ति वा संस्थाले यस ऐन बमोजिमको काम कारबाही गर्नु पर्ने तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने,

(घ) खण्ड (ख) र (ग) बमोजिमको कार्य सम्बन्धित व्यक्ति वा संस्थाले गरे वा नगरेको निरीक्षण, सुपरीवेक्षण वा अनुगमन गर्ने,

(ङ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन नगर्ने वा नगराउने व्यक्ति वा संस्था वा त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीलाई



935

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफूले प्रशासन गर्ने वा प्रयोग गर्ने कानून बमोजिम उपयुक्त कारबाही र सजाय गर्ने र त्यस्तो कानून नभएमा यस ऐन बमोजिमको जरिबाना गर्ने,

(च) खण्ड (क), (ख) र (ग) बमोजिम गरेको कार्य र कसूर निवारणको सम्बन्धमा गरेका कार्यको विवरण तथा प्रतिवेदन वित्तीय जानकारी इकाई समक्ष पेश गर्ने ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम वित्तीय जानकारी इकाईमा सूचना, जानकारी वा विवरण पठाउनु पर्ने दायित्व भएको कुनै सूचक संस्थालाई नियमन गर्ने नियमनकारी निकाय नभएको अवस्थामा समन्वय समितिको परामर्शमा नेपाल सरकार ले कुनै नियमनकारी निकायलाई त्यस्तो संस्था वा व्यक्तिको नियमन, अनुगमन, निरीक्षण वा सुपरीवेक्षण गर्ने नियमनकारी निकायको रूपमा तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम कुनै व्यक्ति वा संस्थालाई कारबाही भएको कारणले त्यस्ता व्यक्ति वा संस्था विरूद्ध यस ऐनमा व्यवस्था भएको अन्य कारबाही वा सजाय गर्न बाधा पुगेको मानिने छैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले फर्म समेतलाई जनाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

४४ग. **प्रतिवेदन पेश गर्नु पर्ने** : (१) सरकारी निकाय, बैङ्क, वित्तीय संस्था, गैरवित्तीय संस्थाले यस ऐनको विषयसँग सम्बन्धित आफूले गरेका काम कारबाहीको छुट्टै अभिलेख राखी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरेको प्रतिवेदनको एक प्रति त्यस्तो प्रतिवेदन तयार गरेको मितिले सात दिनभित्र वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन वित्तीय जानकारी इकाईले समन्वय समितिको बैठकमा पेश गर्नु पर्नेछ र समन्वय समितिले त्यस्तो प्रतिवेदनको सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

४४घ. **न्यूनतम खर्च दिन सकिने** : (१) कसूरको अनुसन्धान गर्दा वा मुद्दाको कारबाही गर्दा कुनै व्यक्तिको सम्पूर्ण सम्पत्ति यस ऐन बमोजिम रोक्का भएको रहेछ र निज र निजसँग आश्रित अन्य व्यक्तिको जीवनयापनको लागि अर्को कुनै उपाय वा स्रोत रहेनछ भने त्यसरी रोक्का रहेको सम्पत्तिमध्येबाट त्यस्ता व्यक्तिलाई न्यूनतम रूपमा जीवनयापन गर्नको लागि आवश्यक पर्ने सम्पत्ति उपलब्ध गराउन अदालतले विभागलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश भएकोमा विभागले त्यस्तो सम्पत्ति त्यस्तो व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।



9२६६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**४४ङ. कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा लिन सक्ने :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनका लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विद्युतीय माध्यमबाट प्रशोधित र विकास गरिएका अभिलेखलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(२) अभिलेख विवरण तथा तथ्याङ्क प्राप्त गर्ने, विश्लेषण गर्ने वा प्रशोधन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था तोकिए बमोजिम गर्न सकिनेछ ।"

**आज्ञाले,**
**माधव पौडेल**
**नेपाल सरकारको सचिव**

**प्रमाणीकरण मिति : २०६८/२/१८**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।